भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

# भीमेश्वर नगरपालिका

चरिकोट, दोलखा,

बागमती प्रदेश, नेपाल ।

## सार्वजनिक - निजी साझेदारी (सानिसा) एकाइ

## सातदोबाटो बहुउद्देश्यीय व्यावसायिक भवनको सार्वजनिक-निजी साझेदारीमा निर्माण, सञ्चालन र हस्तान्तरण सम्बन्धी आयोजना

## मनसाय आह्वान पत्र

सूचना प्रकाशन मिति : २०७८/०८/०५

प्रमुख प्रशासकीय अधिकृत

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३



**प्रस्तावना :**

भीमेश्वर नगरपालिका, वडा नं. ३, चरिकोट बजारस्थित सातदोबाटोमा निर्माणाधीन 'सातदोबाटो बहुउद्देश्यीय व्यावसायिक भवन' को सार्वजनिक-निजी साझेदारी विधिबाट विकास, थप निर्माण, सञ्चालन, मर्मतसम्भार र हस्तान्तरणका लागि प्रतिस्पर्धात्मक प्रस्तावको माध्यमबाट संक्षिप्त सूचीमा छनोट गर्न भीमेश्वर नगरपालिकाको सार्वजनिक-निजी साझेदारी ऐन, २०७७ र सार्वजनिक-निजी साझेदारी नियमावली, २०७७ अन्तर्गत आयोजना कार्यान्वयन गर्ने गरी सार्वजनिक-निजी साझेदारी समितिको निर्णयानुसार सार्वजनिक-निजी साझेदारी एकाइले यो मनसायपत्र आह्वान गरेको छ ।

यो मनसायपत्रद्वारा 'सातदोबाटो बहुउद्देश्यीय व्यावसायिक भवन' को सार्वजनिक-निजी साझेदारी विधि अन्तर्गत दीगो व्यवस्थापन गर्ने निजी साझेदारको अपेक्षा गरिएको छ । जसमा भवन उपयोगमा विशेषाधिकार प्राप्तकर्ताले भीमेश्वर नगरपालिकासँग आम्दानीमा आंशिक भागीदार हुने गरी नगरपालिकाले उपलब्ध गराएको हालको पाँच तले भवनमा थप दुईतला निमार्ण एवम् सो भवनको सञ्चालन, मर्मतसम्भार र हस्तान्तरणको जिम्मेवारी लिनुपर्ने छ । यो मनसायपत्र आह्वानको जवाफमा प्राप्त हुने निवेदन/आवेदनहरूमध्ये भीमेश्वर नगरपालिकाले सर्वोत्कृष्ट वित्तीय नमुनाको आधारमा २५ वर्षसम्मको करार अवधि तय गरी संक्षिप्त सूचीमा परेका फर्म वा कम्पनीहरूलाई निजी साझेदारका रूपमा सार्वजनिक निजी साझेदारी विधिमा प्रस्ताव आह्वान गर्ने तर्फ थप कारवाही अगाडि बढाइने छ ।

इच्छुक आवेदकहरूलाई मनसायपत्र पेस गर्नु अगाडि मनसायपत्र सम्बन्धी कागजात ध्यानपूर्वक अध्ययन गर्न सल्लाह दिइन्छ । मनसायपत्र पेस भएमा मनसायपत्र सम्बन्धी कागजात विचारपूर्वक अध्ययन गरिएको, जाँचबुझ गरिएको र यो कागजातमा उल्लेख भएका सबै सर्तहरू र प्रावधानहरूको पूर्ण जानकारी रहेको मानिने छ ।

१. **आवेदकले ध्यानमा राख्नुपर्ने विषयहरू :** आवेदकले मनसायपत्र पेस गर्दा निम्नलिखित विषयहरूलाई ध्यान दिनुपर्ने छ ।

   क. यो मनसायपत्रमा समावेश भएका सूचना वा आवेदकहरूलाई भीमेश्वर नगरपालिकाको सार्वजनिक-निजी साझेदारी एकाइ र सोको सट्टामा अधिकार प्राप्त अन्य कुनै पदाधिकारी वा कर्मचारीले आवेदकलाई मौखिक वा दस्तावेजको रूपमा वा अन्य जुनसुकै स्वरूपमा दिएको कुनै सूचना/जानकारी गोप्य मानिने छ । त्यस्तो सूचना अन्य कुनै उद्देश्यका लागि पुनर्उत्पादन/सम्प्रेषण/अंगिकार/सार्वजनिक गर्न पाइने छैन ।

   ख. यो मनसायपत्र सार्वजनिक-निजी साझेदारी विधिमा 'सातदोबाटो बहुउद्देश्यीय व्यावसायिक भवन' को विकास, थप निर्माण, सञ्चालन, मर्मतसम्भार र हस्तान्तरण आयोजनाको कार्यान्यवनमा विशेषाधिकार प्राप्तकर्ताको रूपमा निजी पक्ष छनोट गर्ने प्रक्रियाको पहिलो कदम हो । यो मनसायपत्र नगरपालिकाको तर्फबाट आयोजना सम्झौता वा सम्झौता गर्न प्रकाशन गरिएको दस्तावेज एवम् आवेदक वा कुनै पक्षसँग राखिएको प्रस्ताव होइन । यो मनसाय आह्वानपत्र आवेदन पेस गर्न इच्छुक व्यक्तिहरूका लागि आवश्यक पर्ने वा उपयोगी हुने विवरणहरू उपलब्ध गराउने र आयोजनाको बजारीकरण गर्ने उद्देश्यले तयार परिएको हो । यसबाट इच्छुक पक्षहरूलाई मनसायपत्रको आह्वानबमोजिम मनसायपत्र तर्जुमा गर्न उपयोगी हुने विवरण/सूचना उपलब्ध हुने छ । यसमा उल्लिखित विवरणहरू आयोजना अनुगमन, मूल्याङ्कन र प्राप्त तथ्याङ्कहरूको विश्लेषणमा आधारित छन् । यस्ता विवरणले प्रत्येक आवेदकलाई आवश्यक पर्ने सबै सूचना उपलब्ध गराएको मानिने छैन । यो मनसायपत्रमा उल्लेख विवरण/सूचनाहरू पूर्ण, दुरुस्त, प्रयाप्त र सही नहुन सक्दछन् । यस सम्बन्धमा नगरपलिकाको तर्फबाट कुनै प्रतिज्ञा पनि गरिएको छैन । यसर्थ हरेक आवेदकले आवेदन पेस गर्नुअघि आफ्नो तर्फबाट आयोजनाको स्थलगत भ्रमण गरी मनसायपत्रमा उल्लेख भएका विवरण/सूचनाहरू

प्रमुख प्रशासकीय अधिकृत

भीमेश्वर नगरपालिका नगर कार्यपालिकाको कार्यालय चरिकोट, दोलखा बागमती प्रदेश, नेपाल २०७३

जाँचबुझ तथा विश्लेषण गरी तिनीहरूको दुरुस्तता, पर्याप्तता, सत्यता, विश्वसनीयता र पूर्णता जाँच गर्न र आवश्यक परेमा थप विवरणहरू सङ्कलन तथा विश्लेषण गर्न एवम् उपयुक्त स्रोत र सम्बन्धित विज्ञहरूबाट स्वतन्त्र सल्लाह/राय लिन सुझाव दिइन्छ ।

ग. यस मनसायपत्रमा उल्लेख भएको कुनै कुराले कुनै व्यक्ति वा संस्था वा आवेदकलाई कुनै हानि, क्षति भएमा वा कुनै खर्च भएमा कुनै कानुन, विधेयक, नियम वा नियमावली, वा दुष्कृति वा पुनर्स्थापना वा अनुचित समृद्धिको सिद्धान्तसमेतका आधारमा भीमेश्वर नगरपालिका/सार्वजनिक-निजी साझेदारी समिति/सार्वजनिक-निजी साझेदारी एकाइका पदाधिकारी/कर्मचारी उत्तरदायी हुने छैनन् । यो मनसायपत्रको सत्यता, पर्याप्तता, दुरुस्तता, विश्वसनीयता तथा पूर्णताको हकमा समेत यो कुरा लागू हुने छ । मनसायपत्रमा उल्लेख भएको कुनै मूल्याङ्कन, अनुमान, विवरण वा सूचना वा यो मनसायपत्रको भाग मानिएको कुनै स्वरूप वा कुनै पनि तरिकाबाट यस्मा पर्ने विषयका हकमा समेत यो कुरा लागू हुने छ ।

घ. यो मनसायपत्रमा उल्लेख भएको कुनै सूचना, उद्देश्य, मूल्याङ्कन वा अनुमान अद्यावधिक, संशोधन वा परिपूरण गर्ने पूर्ण स्वविवेकाधिकार कुनै पनि दायित्व बहन गर्नु नपर्ने गरी भीमेश्वर नगरपालिका/समितिमा निहित रहने छ । मनसायपत्र जारी गर्दैमा कुनै एउटा आवेदकलाई आयोजनाका लागि छनोट गर्न भीमेश्वर नगरपालिका/समिति बाध्य हुने छैन। पेस भएका कुनै वा सबै मनसायपत्रहरू इन्कार गर्ने र जुनसुकै समयमा कुनै कारण बिना प्रक्रिया रद्द गर्ने अधिकार भीमेश्वर नगरपालिका/समितिमा निहित रहेको छ ।

ङ. आवेदकलाई यो प्रक्रियामा सहभागी हुन लाग्ने सबै खर्च नतिजा जे हुने भएपनि आवेदक आफैले बहन गर्नुपर्दछ ।

च. यो आयोजना सो क्षेत्रमा बन्ने दुईटा भवनको पहिलो भाग हो । यस भवनको उत्तर पूर्व तर्फ सिनेमा हलसहितको अर्को व्यावसायिक भवन नगरपालिका आफैले निर्माण गर्ने छ । ठेक्का बन्दोबस्त भइरहेको छ। यसरी निर्माण हुने थप भवन/कम्प्लेक्सबाट यस आयोजनालाई पर्नसक्ने प्रभाव सम्बन्धमा समेत आवेदकले आवश्यक विश्लेषण गर्नुपर्ने छ। यस विषयलाई समेत ध्यान दिई मनसायपत्र एवम् प्राविधिक तथा वित्तीय प्रस्ताव गर्न सुझाब दिइएको छ ।

## २. आयोजनाको परिचय एवम् जानकारी :

भीमेश्वर नगरपालिका, वडा नं. ३, चरिकोट बजारस्थित सातदोबाटोमा भीमेश्वर नगरपालिकाको स्वामित्वमा रहेको 'सातदोबाटो बहुउद्देश्यीय व्यावसायिक भवन' को सार्वजनिक-निजी साझेदारी विधिबाट व्यवस्थापन गर्न यो आयोजना तयार पारिएको छ । यस अन्तर्गत स्विकृत निजी क्षेत्रले आयोजनाको विकास, भवनको थप निर्माण, करार अवधिभर आयोजनाको वित्तीय व्यवस्थापन र आयोजना सञ्चालन तथा मर्मतसम्भार र करार अवधिपछि निजी क्षेत्रले थप निर्माण गरेको संरचनासहितको भवन भीमेश्वर नगरपालिकालाई सञ्चालन योग्य अवस्थामा हस्तान्तरण/फिर्ता गर्नुपर्ने छ । हस्तान्तरण/फिर्ता गर्दा सार्वजनिक-निजी साझेदारी समितिसहितको संयुक्त टोलीले अनुगमन गर्ने छ । अनुगमनको क्रममा भवनमा मर्मतसम्भार गर्नुपर्ने देखिएमा हस्तान्तरण/फिर्ता अगाडि निजी साझेदारले प्राप्त निर्देशन अनुसारको मर्मतसम्भार कार्य सम्पन्न गर्नुपर्ने छ । साथै आयोजना वा करार अवधिभर दोस्रो चरणको वित्तीय प्रस्तावबमोजिमको राजस्व नगरपालिकालाई प्रत्येक वर्ष सम्झौताबमोजिमको किस्तामा उपलब्ध गराउनुपर्ने छ । आयोजना स्थलमा ७५० वर्गमिटर जग्गामा भीमेश्वर नगरपालिकाले करिब १३ करोड रूपैयाँ लागतमा निर्माण गरेको पाँच तले आरसिसी स्ट्रक्चरको भवन रहेको छ। उक्त पाँच तलाको कुल जम्मा ३६००० वर्गफिट क्षेत्रफल रहेको छ। उक्त भवनमा निजी साझेदारको रूपमा छनोट भएको फर्म वा कम्पनीले नक्सा अनुसार थप दुई तला, विद्युतीय भऱ्याङ (लिफ्ट) जडान, भवन ढाक्ने गरी छानो र घडी टावर समेत आफ्नै लगानीमा निर्माण गर्नुपर्ने छ। थप निर्माण कार्य गर्न करिब ३ करोड ५० लाख रूपैयाँ लागत लाग्ने

प्रमुख प्रशासकीय अधिकृत

भीमेश्वर नगरपालिका नगर कार्यपालिकाको कार्यालय चरिकोट, दोलखा बागमती प्रदेश

अनुमान रहेको छ। थप निर्माणको डिजाइन, ड्रइङ एवम् ढाँचा भीमेश्वर नगरपलिकाबाट स्वीकृति भएबमोजिम हुने छ। भवनको थप निर्माण सम्बन्धी कार्य गर्दा भीमेश्वर नगरपालिकाको वस्ती विकास, सहरी योजना तथा भवन निर्माण मापदण्ड, २०७२ र भवन निर्माण सम्बन्धी अन्य प्रचलित कानुनको पालना गर्नुपर्ने छ।

यो आयोजनाको माध्यमद्वारा मध्यम तथा उच्च खुद्रा (Medium and High End Retail) सेवाको लागि भौतिक पूर्वाधारको आवश्यकता परिपूर्ति गर्न सकिने छ। भवनमा व्यवसायिक थोक/खुद्रा सेवासहित कर्पोरेट कार्यालय स्थान, होटल तथा रेष्टुरेण्ट आदि रहन सक्नेछन्। भवनको बेसमेण्टको २००० वर्गफिट पार्किङको रूपमा प्रयोग हुने छ। आयोजनाको सञ्चालनबाट एकै स्थलमा विभिन्न व्यावसायिक सेवा प्रदान गर्न सकिने छ। आयोजना सञ्चालनमा बिजुली, पानी, सञ्चार, सुरक्षा लगायतका प्रशासनिक खर्च लाग्ने छन्। भवनको आवधिक मर्मतसम्भार गर्नुपर्ने हुन्छ। आयोजना सञ्चालनबाट वार्षिक औसत २ करोड रूपैयाँ आयोजना अवधिभर प्राप्त हुने प्रक्षेपण रहेको छ। यस प्रक्षेपण अनुसार आयोजना अवधिभर ५० करोड रूपैयाँसम्म आम्दानी हुने देखिन्छ।

आयोजना कार्यान्वयन गर्दा स्वीकृत निजी साझेदारले भीमेश्वर नगरपालिकाको स्वीकृति लिएर भवनको आन्तरिक स्वरूप हेरफेर वा परिवर्तन गर्न सक्नेछ। तर भवनको स्ट्रक्चर र बाह्य स्वरूप भने हेरफेर वा परिवर्तन गर्न पाउने छैन। भवनको स्थलगत नक्शा लगायत कार्यसम्पन्नको अवस्था सम्बन्धी विवरण इच्छुक आवेदकलाई सार्वजनिक-निजी साझेदारी एकाइबाट उपलब्ध हुने छ।

३. **आयोजनाको नाम** : यो आयोजनाको नाम **'सातदोबाटो बहुउद्देश्यीय व्यावसायिक भवनको सार्वजनिक-निजी साझेदारीमा निर्माण, सञ्चालन र हस्तान्तरण सम्बन्धी आयोजना'** रहेको छ। यसलाई छोटकरीमा **'बहुउद्देश्यीय व्यावसायिक भवन सञ्चालन आयोजना'** भनिने छ।

४. **बहुउद्देश्यीय व्यावसायिक भवनको उपयोग क्षेत्र** : बहुउद्देश्यीय व्यावसायिक भवनको निम्न क्षेत्रहरूमा उपयोग गर्न सकिने छ।

क. प्लाजासहितको बहुप्रयोग/बहुउद्देश्यीय व्यावसायिक भवन,

ख. बैङ्क तथा वित्तीय संस्थाहरू सम्बन्धी सुविधाहरू,

ग. होटल तथा साना/ मझौला उद्योगका रूपमा सञ्चालन हुने रेष्टुरेण्ट सम्बन्धी सुविधाहरू,

घ. पार्किङ सुविधा,

ङ. तरकारी, फलफूल तथा अन्य कृषिजन्य व्यापारिक सङ्कलन र बिक्री सम्बन्धी सुविधाहरू,

च. सूचना तथा सञ्चार प्रविधि सम्बन्धी सुविधाहरू,

छ. अन्य यस्तै प्रकृतिको व्यावसायिक प्रयोजन सम्बन्धी सुविधाहरू।

५. **आयोजनाको उद्देश्य** : आयोजनाको उद्देश्यहरू निम्नानुसार रहेका छन्।

क. धार्मिक तथा सांस्कृतिक सम्पदा, पर्यापर्यटन र पुर्वाधारसमेतका दृष्टिले भीमेश्वर नगरपालिका पर्यटकीय क्षेत्र हो। सहरीकरण तथा पर्यटकीय हबको रूपमा यो नगर विकसित हुँदैछ। यस क्षेत्रमा जनसंख्याको वृद्धिसँगै मध्यम र उच्च स्तरको व्यावसायिक स्थानहरू विकास गर्ने तथा स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न आवश्यक रहेको छ। परियोजनाले उक्त आवश्यकता परिपूर्तिमा योगदान पुऱ्याउने छ।

ख. आयोजनाबाट निजी क्षेत्रको सहभागिता र लगानीमा नगरको समृद्धिमा सहयोग पुग्ने अपेक्षा रहेको छ।

प्रमुख प्रशासकीय अधिकृत

ग. आयोजना व्यवसायिक अभिमुखिकरणबाट प्रेरित छ । यसबाट नगरपालिकालाई प्राप्त राजस्व/आम्दानी नगरपालिकाको बजेटमा समावेश गरी आर्थिक, सामाजिक र पूर्वाधार क्षेत्रको विकासमा विनियोजन गरिने छ ।

घ. यो आयोजना सो क्षेत्रमा बन्ने दुईटा भवनको पहिलो भाग हो । यस भवनको उत्तर पूर्व तर्फ अर्को सिनेमा हलसहितको व्यावसायिक भवन निर्माण हुने छ । ठेक्का बन्दोबस्त भइरहेको छ । यसरी निर्माण हुने थप भवन/कम्प्लेक्सबाट व्यापरिक/व्यावसायिक परिपुरकता विकास हुने उद्देश्य राखिएको छ ।

ङ. आयोजनाको माध्यमद्वारा मध्यम तथा उच्च खुद्रा (Medium and High End Retail) सेवाको लागि भौतिक पूर्वाधारको आवश्यकता परिपूर्ति गर्ने उद्देश्य रहेको छ ।

च. यो आयोजना भीमेश्वर नगरपालिकामा सार्वजनिक-निजी सझेदारीको शुरुवातको कोसेढुङ्गो हुने छ । यसलाई नगरपलिकाले गौरवको आयोजनाको रूपमा लिएको छ । यसबाट प्राप्त सफलता र सिकाइको आधारमा सार्वजनिक-निजी सझेदारीको माध्यमबाट अन्य आयोजनाहरू सञ्चालन गर्न सहयोग पुग्ने उद्देश्य राखिएको छ ।

६. **आयोजनाको थप कार्य क्षेत्र :** आयोजना सञ्चालनको अनुमति प्राप्तकर्ता वा स्वीकृत निजी साझेदार आयोजनाको निम्न थप कार्यका लागि उत्तरदायी हुने छ ।

क. आयोजनाको आन्तरिक सजावटको डिजाइन, विकास तथा थप दुई तल्लाको निर्माणसमेतको कार्य,

ख. भवनमा विद्युतीय भऱ्याङ (लिफ्ट) जडान गर्ने कार्य साथै भवन ढाक्ने गरी छानो र घडी टावर निर्माण गर्ने कार्य,

ग. आयोजनाको उल्लेखित कार्यहरूमा लगानी,

घ. आयोजनाको कार्यान्वयन कार्ययोजना, सञ्चालन र भवनको मर्मतसम्भार,

ङ. आयोजनाका सम्पूर्ण सुविधाको व्यवस्थापन र मर्मत सम्भार,

च. आयोजना सञ्चालनसँग सम्बन्धित अन्य कार्य ।

७. **निजी साझेदार छनोट प्रक्रियाको संक्षिप्त विवरण :**

प्रस्तुत आयोजनाका लागि नगरपालिकाले दुई चरणको प्रस्ताव छनोट प्रक्रिया (**'प्रस्ताव छनोट प्रक्रिया'**) अवलम्बन गरेको छ । उक्त प्रक्रियाको पहिलो चरण (**'योग्यता परीक्षण'**) मा यो मनसाय आह्वानपत्रको व्यवस्था अनुसार इच्छुक प्रस्तावकर्ता (संयुक्त उपक्रमसमेत) को योग्यता परीक्षण गरिने छ । पूर्वयोग्यता परीक्षण सम्पन्न भएपछि नगरपालिकाले योग्य प्रस्तावकर्ता/आवेदकहरूको सूची प्रकाशित गर्ने छ । उपर्युक्तबमोजिम योग्य ठहरिएका प्रस्तावकर्ताहरू प्रस्ताव आह्वानपत्र अनुसारको दोश्रो चरणको प्रस्ताव छनोट प्रक्रिया (**'प्राविधिक तथा आर्थिक प्रस्तावको चरण'**) मा सहभागी हुनसक्ने छन् ।

८. **मनसायपत्र छनोट प्रक्रियाको समयतालिका :** (१) इच्छुक आवेदकले मनसायपत्र दस्तावेज भीमेश्वर नगर कार्यपालिकाको कार्यालयस्थित सार्वजनिक-निजी साझेदारी एकाइबाट खरिद गर्नुपर्ने छ । भीमेश्वर नगरपालिका, सार्वजनिक-निजी साझेदारी समितिले पछि जारी गर्ने व्याख्या/थप जानकारी सोही एकाइबाट उपलब्ध हुने छ ।

प्रमुख प्रशासकीय अधिकृत

(२) मनसायिपत्रको आह्वान र छनोट प्रक्रियाको समयतालिका निम्नानुसार रहेको छ।

| | |
|---|---|
| निकाय | भीमेश्वर नगरपालिका |
| कार्यपालिका | भीमेश्वर नगरकार्यपालिका |
| समिति | सार्वजनिक-निजी साझेदारी समिति |
| कार्यालय | भीमेश्वर नगरकार्यपालिकाको कार्यालय, |
| एकाइ | सार्वजनिक-निजी साझेदारी एकाइ |
| आयोजना | सातदोबाटो बहुउद्देश्यीय व्यावसायिक भवनको सार्वजनिक-निजी साझेदारीमा निर्माण, सञ्चालन र हस्तान्तरण सम्बन्धी आयोजना |
| सूचना प्रकाशन मिति | २०७८/०८/०५ |
| मनसायपत्र सम्बन्धी कागजात सङ्कलन/प्राप्त अवधि | २०७८/०८/०५ देखि २०७८/०९/०५ सम्म |
| मनसायपत्र दस्तुर | रु. १,०००/- (पछि फिर्ता नहुने गरी) |
| जिज्ञासा पठाउने वा राख्ने अन्तिम मिति | २०७८/०८/२४ सम्म |
| जिज्ञासालाई सम्वोधन गर्ने मिति, समय र स्थान | २०७८/०८/२७ दिनको २:०० बजे, भीमेश्वर नगर कार्यपालिकाको कार्यालय, महाङ्गल सदन |
| मनसायपत्र पेस गर्ने अन्तिम मिति | २०७८/०९/०६ दिनको १२:०० बजेसम्म |
| मनसायपत्र खोल्ने मिति र समय | २०७८/०९/०६ दिनको २:०० बजे |
| मनसाय पत्र मूल्याङ्कन अवधि | २०७८/०९/०७ देखि २०७८/०९/२१ सम्म |
| सङ्क्षिप्त सूची प्रकाशन मिति | २०७८/०९/२३ |

नोट : उल्लिखित मितिहरूमा सार्वजनिक विदा परेमा सोपछिको कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ।

९. **निवेदकको योग्यता :** निवेदक/आवेदकहरूको योग्यता परिक्षण देहायबमोजिम गरिने छ।

क. आयोजना कार्यान्वयन गर्न इच्छुक निवेदक फर्म वा कम्पनी एवम् फर्म वा कम्पनीको संयुक्त उपक्रम (संयुक्त उपक्रममा बढीमा दुईवटासम्म फर्म वा कम्पनी रहन सक्ने) हुनसक्ने छन्। तर कुनै पनि निवेदक एकल रूपमा वा संयुक्त उपक्रममा निवेदन पेस गर्दा अरु निवेदकको सदस्य भने हुन पाउने छैनन्। यस आह्वानपत्रमा प्रयोग गरिएको निवेदक शब्दले दुवै एकल रूपमा वा संयुक्त उपक्रममा निवेदन पेस गर्ने निवेदकलाई जनाउँदछ।

ख. मनसायपत्र एवम् प्रस्तावको प्रकृयामा कुनै पनि किसिमको आँच वा खलल पुग्ने गरी निवेदकको प्रचलित कानुनबमोजिम कुनै पनि किसिमको स्वार्थ बाझिन हुँदैन। कुनै निवेदकको त्यसरी स्वार्थ बाझिएको पाइएमा उक्त निवेदकको निवेदन स्वत: खारेज गरिने छ/भएको मानिने छ।

ग. निवेदकले अनुसूची १ र २ बमोजिमको ढाँचामा निवेदन तयार गरी खाममा सिलबन्दी गरेर खामको माथिल्लो भागमा 'मनसायपत्रको निवेदन/अवेदन' उल्लेख गरी पेस गर्नुपर्ने छ। निवेदकले निवेदन पेस गर्दा अनुसूची–३ को ढाँचामा अधिकार प्रत्यायोजनपत्र (Power of

प्रमुख प्रशासकीय अधिकृत

Attorney) अख्तियारवाला किटान गरी पेस गर्नुपर्ने छ । यदि प्रस्तावकर्ता कुनै संयुक्त उपक्रम रहेको भएमा संयुक्त उपक्रमको मुख्य सदस्यको नाम स्पष्ट किटान गरी अनुसूची–४ बमोजिमको ढाँचामा अधिकार प्रत्यायोजनपत्र (Power of Attorney) पेस गर्नुपर्ने छ ।

१०. **मनसायपत्रका साथ संलग्न गर्नुपर्ने कागजातहरू :** मनसायपत्रका साथ निम्नलिखित कागजातहरू संलग्न गर्नुपर्ने छ ।

क. फर्म वा कम्पनी दर्ता प्रमाणपत्रको प्रमाणित छायाँ प्रति (फर्मको हकमा नवीकरणसमेत),

ख. स्थायी लेखा दर्ता नम्बर/मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्रको प्रमाणित छायाँ प्रति,

ग. आ.व. २०७७/०७८ को करचुक्ता प्रमाणपत्रको प्रमाणित छायाँ प्रति वा आ.व. २०७७/०७८ करचुक्ता प्रमाण पत्र लिन बाँकी भएको फर्म वा कम्पनीको हकमा आ.व. २०७६/०७७ को करचुक्ता प्रमाणपत्रको प्रमाणित छायाँ प्रति र आ.व. २०७७/०७८ कर चुक्ताका लागि सम्बन्धित कर कार्यालयबाट म्याद थप गरी उपलब्ध गराइएको प्रमाणको प्रमाणित छायाँ प्रति,

घ. मनसायपत्र पेस गर्ने फर्म वा कम्पनीको विगत पाँच वर्षको (आर्थिक वर्ष २०७३/७४ देखि आर्थिक वर्ष २०७७/७८ सम्म) अन्तिम लेखापरीक्षण प्रतिवेदन,

ङ. मनसायपत्र पेस गर्ने फर्म वा कम्पनीको विगत पाँच वर्षको (आर्थिक वर्ष २०७३/७४ देखि आर्थिक वर्ष २०७७/७८ सम्म) कार्य अनुभव सम्बन्धी प्रमाणित कागजातहरू,

च. मनसायपत्रको मूल्याङ्कनमा उल्लिखित प्राविधिक, वित्तीय र अनुभव पुष्टि गर्ने कागजातहरू,

छ. निवेदन/आवेदनका लागि उल्लेख गरिएका अनुसूचीहरू,

ज. यदि निवेदक साझेदारी फर्म भएमा साझेदारी कबुलीयत र फर्म जारी गर्ने निकायले उपलब्ध गराएका अन्य कागजातहरू, यदि निवेदक कम्पनी भएमा कम्पनीको प्रबन्धपत्र र नियमावली र यदि निवेदक संयुक्त उपक्रम भएमा फर्म वा कम्पनीका लागि उल्लेखित कागजातहरूको अतिरिक्त संयुक्त उपक्रम सम्झौता,

झ. फर्म वा कम्पनी प्रचलित कानुनबमोजिम कालो सूचिमा नपरेको र आवेदकहरूको प्रचलित कानुनबमोजिम स्वार्थ नबाझिएको स्वघोषणपत्र,

ञ. सानिसा एकाइले तोकेको वा माग गरेको अन्य आवश्यक विवरण/कागजातहरू ।

११. **मनसाय पत्रको पूर्णता :** यस आव्हानपत्र बमोजिम मनसाय पत्र पेस गर्ने निवेदकहरूको मूल्याङ्कन गर्नुपूर्व प्राप्त हुन आएका प्रत्येक निवेदनहरूको पूर्णताको परीक्षण गरिने छ । देहायबमोजिमको रित पुगेको प्रस्तावहरूलाई पूर्ण मानिने छ ।

क. अनुसूची १ र २ बमोजिमको ढाँचामा पेस भएको,

ख. प्रस्ताव पेश गर्नुपर्ने समय र मितिभित्र पेस हुन आएको,

ग. यस आह्वानपत्रमा उल्लेख भए अनुसार सहिछाप गरी खाममा सिलबन्दी गरी पेस गरेको,

घ. अनुसूची ३ को ढाँचामा अधिकार प्रत्यायोजन पत्र पेस हुन आएको र निवेदक संयुक्त उपक्रम भएमा, अनुसूची-४ को ढाँचामा अधिकार प्रत्यायोजन पत्र पेस हुन आएको,

ङ. यस आह्वानपत्र अुनसार पेस गर्नुपर्ने वा संलग्न गर्नुपर्ने भनी तोकिएको सम्पूर्ण कागजातहरू (ढाँचा तोकिएको भए सोही ढाँचामा) पेस भएको,

च. निवेदकको तर्फबाट थप सर्त तथा सिमितताहरू प्रस्ताव नगरिएको वा पेस भएको प्रस्ताव सर्तपूर्ण नभएको,

प्रमुख प्रशासकीय अधिकृत

भीमेश्वर नगरपालिका नगर कार्यपालिकाको कार्यालय चरिकोट, दोलखा बागमती प्रदेश, नेपाल

नोट : पूर्णताको परीक्षणबाट सफल भएका निवेदकहरू मात्रै मुल्याङ्कनका लागि योग्य हुने छन्, त्यो भन्दाबाहेकका निवेदनहरू स्वतः खारेज गरिने छन् ।

१२. **मनसाय पत्रको मूल्याङ्कनको आधारहरू :** यो मनसायपत्र आह्वानबमोजिम पेस हुन आएका मनसायपत्रहरूको मूल्याङ्कन देहायबमोजिम १०० पूर्णाङ्कमा हुने छ ।

**क. प्राविधिक क्षमता (७० पूर्णाङ्क)**

१. संरचना निर्माण तथा विकास अनुभव : आवेदक फर्म वा कम्पनीले विगत ५ वर्षदेखि पूर्वाधार आयोजना निर्माण कार्य गरेको वा संयुक्त उपक्रममार्फत उक्त कार्यमा आवद्ध भई कार्य गरेकोमा जम्मा फ्लोर एरिया दुई हजार वर्गफिटसम्मको आरसिसी भवन निर्माण गरेको भएमा १० अङ्क, जम्मा फ्लोर एरिया दुई हजार वर्गफिट भन्दामाथि चार हजार वर्गफिटसम्मको आरसिसी भवन निर्माण गरेको भएमा २० अङ्क र जम्मा फ्लोर एरिया चार हजार वर्गफिट भन्दाबढीको आरसिसी भवन निर्माण गरेको भएमा ३० अङ्क प्राप्त हुने छ ।

२. व्यवस्थापन अनुभव : आवेदक फर्म वा कम्पनीले विगत ५ वर्षदेखि पूर्वाधार आयोजना डिजाइन/निर्माण/विकास/व्यापार सञ्चालन तथा व्यवस्थापन कार्य गरेको वा उक्त कार्यमा साझेदार भई कार्य गरेकोमा उक्त कार्यबाट पाँच वर्षमा प्राप्त वार्षिक औसत आम्दानी रु. ५० लाखसम्म भएमा १० अङ्क, रु. ५० लाख भन्दाबढी रु. १ करोडसम्म भएमा २० अङ्क र रु. १ करोडभन्दा बढीभएमा ३० अङ्क प्राप्त हुने छ ।

३. सार्वजनिक निजी साझेदारी अनुभव : आवेदक फर्म वा कम्पनीले संस्थापनादेखि हालसम्म सार्वजनिक-निजी साझेदारी ढाँचामा निर्माण वा राजस्व सङ्कलनको कार्य गरेकोमा ५ अङ्क र सार्वजनिक-निजी साझेदारी ढाँचामा निर्माण र राजस्व सङ्कलनको कार्य गरेकोमा १० अङ्क प्राप्त हुने छ ।

**ख. आर्थिक क्षमता (३० पूर्णाङ्क)**

१. खुद मूल्य (Net Worth) : आवेदक फर्म वा कम्पनीको खुद मूल्य सकारात्मक (Positive) हुनुपर्ने छ । विगत ५ वर्षमध्ये १ वर्षको मात्र सकारात्मक भएमा ५ अङ्क, ३ वर्षको मात्र सकारात्मक भएमा १० अङ्क र ५ वर्षकै सकारात्मक भएमा १५ अङ्क प्राप्त हुने छ ।

२. कर्जाको सीमा (Line of Credit) : आवेदक फर्म वा कम्पनीको कर्जाको सीमा (Line of Credit) रु. ५० लाखसम्म भएमा ५ अङ्क, रु. ५० लाख भन्दाबढी रु. १ करोडसम्म भएमा १० अङ्क र रु. १ करोडभन्दा बढीभएमा १५ अङ्क प्राप्त हुने छ ।

१३. **मनसाय पत्रको छनोट :** उल्लेखित आधारमा मूल्याङ्कन भएका मनसायपत्रहरूको देहायबमोजिम छनोट गरिने छ ।

क. निवेदकले कम्तिमा ४० अङ्क ल्याएको खण्डमा मात्रै सो निवेदक अर्को चरणका लागि संक्षिप्त सूचिमा छनोट हुने छ । कम्तीमा ६ ओटा आवेदन पेस हुन नआएमा पेस भएका आवेदनहरूलाई यथावत् राखी पुन १५ दिने मनसायपत्र पेस गर्ने सम्बन्धी सूचना प्रकाशन गरिने छ । ४० अङ्क प्राप्त गर्ने निवेदक/आवेदक १२ ओटाभन्दा बढीभएमा बढी अङ्क प्राप्त गर्ने १२ ओटा निवेदक/आवेदकहरूलाई योग्यताक्रम अनुसार अर्को चरणका लागि संक्षिप्त सूचिमा छनोट गरिने छ ।

ख. संयुक्त उपक्रममार्फत यस प्रक्रियामा समावेस भएका निवेदकहरूको हकमा फर्म र कम्पनीको छुट्टा छुट्टै मूल्याङ्कन गरिने छ । प्रत्येक फर्म वा कम्पनीले कम्तिमा ४० अङ्क प्राप्त गर्नुपर्ने छ । निवेदकहरूलाई योग्यताक्रम अनुसार छनोट गर्नुपर्ने भएमा उच्च अङ्क प्राप्त गर्ने कुनै एक फर्म वा कम्पनीले प्राप्त गरेको प्राप्ताङ्कलाई आधार मानिने छ ।

प्रमुख प्रशासकीय अधिकृत

**१४. विविध :**

क. मनसायपत्र छनोट प्रक्रियामा र यस सम्बन्धमा उत्पन्न कुनै विषयको व्याख्या प्रचलित नेपाल कानून अनुसार हुने छ । प्रस्ताव छनोट प्रक्रिया देखि आयोजना सम्झौतामा हस्ताक्षर गर्ने चरणसम्ममा कुनै विवाद आईपरेमा त्यस्ता विवादको निरूपण भीमेश्वर नगरपालिकाको सार्वजनिक-निजी साझेदारी ऐन, २०७७ तथा नियमावली, २०७७ बमोजिम हुने छ ।

ख. इच्छुक निवेदकलाई यस आयोजनाको बारेमा थप जानकारी आवश्यक भएमा भीमेश्वर नगरपालिकाको सार्वजनिक-निजी साझेदारी एकाइमा सम्पर्क राख्न सकिने छ ।

प्रमुख प्रशासकीय अधिकृत

भीमेश्वर नगरपालिका नगर कार्यपालिकाको कार्यालय चरिकोट, दोलखा बागमती प्रदेश, नेपाल

## अनुसूची १
## निवेदन पेस गर्ने पत्रको ढाँचा

(निवेदकले स्पष्टरूपमा आफ्नो नाम र ठेगाना उल्लेख भएको लेटर प्याडमा यो आह्वानपत्रको निवेदन तयार गर्नु पर्दछ । )

मिति : ..................................

श्री ................................ मनसायपत्र आह्वान नं................

......................................

आह्वानपत्रसँग सम्बन्धित सम्पूर्ण कागजातहरूको जाँच परीक्षण गरी माथि उल्लिखित आयोजनामा निवेदन पेस गर्दै म/हामी देहायको घोषणा गर्दछु/गर्दछौँ ।

१. भीमेश्वर नगरपालिकाले निवेदक छनोट गर्दा निवेदकहरूले पेस गरेको निवेदन र लिखत कागजातहरूको आधारमा गर्ने कुरालाई स्विकार गर्दै पेस गरिएका सम्पूर्ण दस्तावेज र जानकारीहरू साँचो भएको स्वीकार गर्दछु/गर्दछौँ । यसका साथै सम्पूर्ण दस्तावेजहरू सक्कलबमोजिमको नक्कल भएको कुरालाई समेत स्वीकार गर्दछु/गर्दछौँ ।
२. यहाँ उल्लेख गरिएका जानकारीहरू नगरपालिकाले 'सातदोबाटो बहुउद्देश्यीय व्यावसायिक भवनको सार्वजनिक-निजी साझेदारीमा निर्माण, सञ्चालन र हस्तान्तरण सम्बन्धी आयोजना' कार्यान्वयन गर्नका लागि प्रस्ताव छनोट गर्दा हामी छनोट हुने हेतुले पेस गरेको हो ।
३. नगरपालिकाको आवश्यकता अनुसार समय समयमा माग गरे बमोजिमको थप जानकारीहरू प्रदान गराउनेछौँ ।
४. नगरपालिकाले कारण खुलाई वा नखुलाई कुनै पनि निवेदन अस्वीकार गर्ने अधिकार सुरक्षित रहेको स्वीकार गर्दछौं । हाम्रो प्रस्ताव त्यसरी अस्वीकार भएको अवस्थामा नगरपालिका विरुद्ध कुनै पनि किसिमको दावी गर्ने छैन ।
५. हालसम्म म/हामी वा कुनै सदस्यहरू वा हाम्रो एसोसिएट्सहरूमध्ये कोही पनि कुनै पनि सम्झौता कार्यान्वयन गर्न असफल भएका छैन । हामीलाई कुनै पनि आयोजनाबाट कुनै पनि निकायले निष्कासन गरेको छैन र कुनै सम्झौताको अवज्ञा वा उल्लङ्घन गरेको कारणले कुनै सम्झौताको अन्त्य भएको अवस्था समेत छैन ।
६. हामीले प्रस्तावपत्र सम्बन्धी सम्पूर्ण कागजातहरूको परीक्षण गर्दा त्यसका शर्तमा हामीले कुनै पनि थप शर्त वा प्रतिशर्त पेस गरेका छैन ।
७. यो प्रस्ताव आव्हान प्रक्रियामा सहभागी हुन हामी प्रचलित कानुनबमोजिम कुनै पनि तवरले अयोग्य छैन । यस प्रक्रियामा हाम्रो कुनै स्वार्थ बाझिएको पनि छैन र पेसागत वा व्यावसायिक कसूरमा हामीले कुनै सजाय पाएका पनि छैन । यसका साथै, हामी माथि कुनै पनि कानुनी अनुसन्धान चलिरहेको अवस्था समेत छैन ।
८. हामीले पेस गरेको निवेदन सम्बन्धी कागजात प्रस्ताव पेस गर्ने अन्तिम मितिदेखि ९० दिनको लागि मान्य हुने छ । यो अवधिसम्म हाम्रो यो प्रस्ताव हामीलाई बन्धनकारी हुने छ र उक्त अवधि समाप्त हुनु अघि जुनसुकै बखत पनि हाम्रो निवेदनलाई स्वीकृत गर्न सकिने छ ।
९. यस प्रक्रियामा, निवेदकको रूपमा एकभन्दा बढी निवेदन पेस गरेका छैन ।
१०. हाम्रो कम्पनी वा फर्म र यसको सव-कन्ट्राक्टर वा आपूर्तिकर्ता लगायत यसका सम्बद्ध वा सहायक कम्पनी वा फर्महरू, करार अन्तर्गतको कुनै पनि अंशको लागि (काम गर्न), नेपाल सरकारबाट अयोग्य घोषित भएका छैनन् ।
११. निवेदन अनुरूपको सम्पूर्ण दायित्व बहन गरी त्यसको परिपालना गर्ने प्रतिबद्वता जाहेर गदछौँ ।
१२. हाम्रो लेखा, अभिलेख, तथा प्रस्तावपत्र साथमा पेस गरिएका अन्य कागजातहरू नगरपालिका/दातृ पक्ष वा उसको प्रतिनिधिलाई निरीक्षण गर्न दिन, नगरपालिका र/दातृपक्षद्वारा नियुक्त लेखापरीक्षकबाट लेखापरीक्षण गराउन मञ्जुर छौं ।

नाम :

पद :

सम्पर्क नं. :

इमेल :

हस्ताक्षर :

छाप :

निवेदनमा ..............................................को तर्फबाट हस्ताक्षर गर्न अधिकार प्राप्त

मिति :

प्रमुख प्रशासकीय अधिकृत

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

**अनुसूची २**
**मनसायपत्र पेस गर्ने निवेदनको ढाँचा**

मितिः....................

श्रीमान् अध्यक्षज्यू,
सार्वजनिक-निजी साझेदारी समिति,
भीमेश्वर नगरपालिका,
चरिकोट, दोलखा ।

**विषय : मनसायपत्र पेश गरेको सम्बन्धमा ।**

महोदय,

म/हामी निवेदक तहाँ सार्वजनिक–निजी साझेदारी एकाइ (सानिसा एकाइ) बाट मिति २०७८/......./....... गतेको ................. राष्ट्रिय दैनिक पत्रिका मा प्रकाशित मनसायपत्र आह्वानको सूचनाबमोजिम 'सातदोबाटो बहुउद्देश्यीय व्यावसायिक भवनको सार्वजनिक-निजी साझेदारीमा निर्माण, सञ्चालन र हस्तान्तरण सम्बन्धी आयोजना सार्वजनिक–निजी साझेदारीमा कार्यान्वयन गर्न इच्छुक तथा योग्य भएकोले भीमेश्वर नगरपालिकाको सार्वजनिक–निजी साझेदारी सम्बन्धी ऐन २०७७ र सार्वजनिक-निजी साझेदारी नियमावली, २०७७ बमोजिमको म्याद भित्रै तपसिलमा उल्लेखित कागजातहरू संलग्न गरी प्रस्तुत मनसायपत्र पेस गरेको छु/छौं ।

**संलग्न कागजातहरू:**

१. ............................
२. ............................
३. .................................

यस मनसायपत्रमा उल्लेखित विवरण तथा संलग्न कागजातहरू सत्य हुन् । झुट्टा ठहेरमा कानुनबमोजिम सहुँला बुझाउँला ।

निवेदकः
हस्ताक्षरः
नामः
पदः
ठेगानाः
निवेदक संस्था भए संस्थाको छापः

प्रमुख प्रशासकीय अधिकृत

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल

**अनुसूची ३**

**निवेदनमा हस्ताक्षर गर्नका लागी अधिकार प्रत्यायोजन पत्र**

यस अख्तियारनामाको लिखत मार्फत् निम्न लिखित सहिछाप भएको, ............... मा रजिष्टर्ड कार्यालय रहेको (यसपछि सुविधाका लागि संक्षेपमा 'फर्म वा कम्पनी' भनिएको) ले ....................मा बस्ने ................................ को छोरा/छोरी वर्ष ....... को ..................... (ना.प्र.नं ............................, जारी जिल्ला ................. ) लाई कम्पनीका तर्फबाट आधिकारिक व्यक्तिको रूपमा देहाय बमोजिमको अधिकार प्रदान गरेको छ:

१. 'सातदोबाटो बहुउद्देश्यीय व्यावसायिक भवनको सार्वजनिक-निजी साझेदारीमा निर्माण, सञ्चालन र हस्तान्तरण सम्बन्धी आयोजना' प्रस्तावको विभिन्न चरणमा भाग लिई मनसायपत्र र आवश्यक अन्य निवेदनसमेत भीमेश्वर नगरपालिका वा तोकिएको अन्य निकायमा पेस गर्ने ।

२. समय समयमा नगरपालिकाले माग गरेका जानकारी तथा आवश्यकता अनुसार कागजातहरू पेस गर्नका लागि फर्म वा कम्पनीको प्रतिनिधित्व गर्ने ।

३. आयोजनामा प्रस्तावकर्ताको छनोट प्रक्रिया सुरु भई उक्त प्रक्रिया समाप्त नहुन्जेल सम्मका लागि आवश्यक सम्पूर्ण काम कारवाहीमा फर्म वा कम्पनीको प्रतिनिधित्व गर्दै प्रारम्भिक सम्झौता, समझदारीपत्र वा आयोजना सम्झौतामा समेत हस्ताक्षर गर्ने ।

यस अख्तियारनामा बमोजिम अख्तियारप्राप्त व्यक्तिले गरेको काम कारवाही कम्पनीका लागि पूर्ण रूपमा मान्य हुने छ र निजको काम कारवाहीबाट कुनै दायित्व सिर्जना भएमा सो पालना गर्न समेत यस कम्पनीको पूर्ण मञ्जुरी रहेको छ ।

कम्पनीले अगावै लिखित रूपमा सूचित गराएको अवस्थामा बाहेक यस अख्तियारनामा ...............सम्म बहाल रहनेछ ।

उल्लिखित साक्षीको रोहवरमा ..................... का दिन मैले यस अख्तियारनामामा सहिछाप गरी कम्पनीको छाप लगाएको छु ।

**कम्पनीको तर्फबाट:**

नाम:

हस्ताक्षर

पद:

**साक्षी:**

१.

२.

**अख्तियारप्राप्त व्यक्ति:**

नाम:

सहिछाप:

म कानुनबमोजिम नेपालभित्रका लागि अधिकार प्राप्त नोटरी पब्लिक यो प्रमाणित गर्दछु कि यस लिखतमा उल्लिखित सहीहरू मेरो उपस्थितिमा गरिएको हो भनी प्रमाणित गर्दछु:

मिति ............................. मा मेरो निम्न लिखित सही र कार्यालयको छाप दिइएको छ ।

..................................

नोटरी पब्लिक

प्रमुख प्रशासकीय अधिकृत

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३



## अनुसूची ४
## संयुक्त उपक्रमको मुख्य सदस्यका लागि दिईने अधिकार प्रत्यायोजनपत्र

भीमेश्वर नगरपालिका (यसपछि सुविधाको लागी संक्षेपमा 'नगरपालिका' भनिएको) बाट 'सातदोबाटो बहुउद्देश्यीय व्यावसायिक भवनको सार्वजनिक-निजी साझेदारीमा निर्माण, सञ्चालन र हस्तान्तरण सम्बन्धी आयोजना' कार्यान्वयन गर्नका लागि नगरपालिकाले मनसायपत्र आह्वान गरेकोमा उक्त आयोजनामा निवेदन पेस गर्न हामी संयुक्त उपक्रम इच्छुक भएको तथा आयोजना कार्यान्वयनका निम्ति संयुक्त उपक्रमका मुख्य सदस्य (Lead Member) तोक्न पर्ने आवश्यकतालाई मध्यनजर गर्दै संयुक्त उपक्रमका मुख्य सदस्यको रूपमा .........................मा रजिष्टर्ड कार्यालय रहेको ............................................................... लाई कानूनी रूपमा संयुक्त उपक्रमका मुख्य सदस्य तोकिएको व्यहोरा अनुरोध गर्दछौं । संयुक्त उपक्रमका तर्फबाट मुख्य सदस्यको रूपमा निजलाई देहाय बमोजिमको अधिकार प्रदान गरिएको छ:

१. 'सातदोबाटो बहुउद्देश्यीय व्यावसायिक भवनको सार्वजनिक-निजी साझेदारीमा निर्माण, सञ्चालन र हस्तान्तरण सम्बन्धी आयोजना' प्रस्तावको विभिन्न चरणमा भाग लिई प्रस्तावपत्र र आवश्यक अन्य निवेदनसमेत भीमेश्वर नगरपालिका वा तोकिएको अन्य निकायमा पेस गर्ने ।
२. समय समयमा नगरपालिकाले गरेका जानकारी तथा आवश्यकता अनुसार कागजातहरू पेस गर्नका लागि कम्पनीको प्रतिनिधित्व गर्ने ।
३. आयोजनामा प्रस्तावकर्ताको छनोट प्रक्रिया सुरु भई उक्त प्रक्रिया समाप्त नहुन्जेल सम्मका लागि आवश्यक सम्पूर्ण काम कारवाहीमा कम्पनीको प्रतिनिधित्व गर्दै प्रारम्भिक सम्झौता, समझदारीपत्र वा आयोजना सम्झौतामा समेत हस्ताक्षर गर्ने ।

यस अख्तियारनामा बमोजिम मुख्य सदस्यले गरेको काम कारवाही संयुक्त उपक्रमका लागि पूर्ण रूपमा मान्य हुने छ र निजको काम कारवाहीबाट कुनै दायित्व सिर्जना भएमा सो पालना गर्न समेत यस संयुक्त उपक्रमको पूर्ण मन्जुरी रहेको छ ।

संयुक्त उपक्रमले अगावै लिखित रूपमा सूचित गराएको अवस्थामा बाहेक यस अख्तियारनामा ..............सम्म बहाल रहनेछ ।

**संयुक्त उपक्रमको तर्फबाट:**
नाम :
*हस्ताक्षर*
*पद:*
***साक्षी:***
*१.*
*२.*

**मुख्य सदस्यको तर्फबाट:**
नाम :
सहिछाप :

म कानुनबमोजिम नेपालभित्रका लागि अधिकार प्राप्त नोटरी पब्लिक यो प्रमाणित गर्दछु कि यस लिखतमा उल्लिखित सहीहरू मेरो उपस्थितिमा गरिएको हो भनी प्रमाणित गर्दछु:
मिति ............................ मा मेरो निम्न लिखत सही र कार्यालयको छाप दिइएको छ ।

.................................
नोटरी पब्लिक

प्रमुख प्रशासकीय अधिकृत